राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Volume 19, Issue 3 No. 123 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Ashoj 2076 (October-2019)

## निरन्तर दिगो सेवाका लागि माइक्रो वेभ ट्रान्समिसन नेटवर्क

नेपाल टेलिकमले प्रदान गर्ने दूरसञ्चार सेवाहरु दिगो र भरपर्दो रुपले ग्राहकहरुलाई निरन्तर उपलब्ध गराइरहनका लागि माइक्रो वेभ ट्रान्समिसन नेटवर्क उपकरण जडान गर्ने भएको छ । यसका लागि कम्पनी र सिया माइक्रो इलेट्रोनिकाबीच ०७६ भदौ २० गते एक सम्झौता सम्पन्न भएको छ । कम्पनीद्वारा प्रदान गरिएका टेलिफोन र इन्टरनेट सेवा जुनसुकै कारणले पनि सुचारु हुन नसकेमा, अवरुद्ध भएका ती सेवाहरु लगातार प्रदान गरिरहनका लागि माइक्रो वेभ ट्रान्समिसन नेटवर्क उपकरणले सहयोग गर्नेछ ।

मुख्यतः माइक्रो वेभ ट्रान्समिसन नेटवर्क उपकरणलाई सूचना महामार्गका रुपमा लिइने अप्टिकल फाइबर केबल कुनै कारणवश अवरुद्ध भएका खण्डमा विकल्पका रुपमा प्रयोग गर्ने उद्देश्यले कम्पनीले स्थापना गर्न लागेको हो । कुनै कारणवश अप्टिकल फाइबर प्रविधिमा अवरोध आई प्रवाहित सेवाहरु अवरुद्ध भएमा निरन्तर सेवाहरु उपब्ध गराइरहनका लागि यस उपकरणलाई तत्काल प्रयोगमा ल्याउन सकिन्छ ।

सो सम्झौता बमोजिम आपूर्ति हुने उपकरणले कम्पनीका विभिन्न अति महत्वपूर्ण स्टेसनहरुमा अप्टिकल फाइबरको विकल्पका रुपमा सेवा सञ्चालन गर्न सहयोग गर्नेछन् । उक्त स्टेसनहरुलाई बाँकी नेटवर्कमा जोड्ने लिङ्क बढी भरपर्दा हुनेछन् । सम्पन्न सम्झौताअनुसार जडान गरिने हरेक उपकरणका क्षमता पहाडी तथा दुर्गम स्टेसनहरुमा न्यूनतम १.४ देखि अधिकतम २.८ जीबीपीएससम्म हुनेछ । ती स्टेसनमा दुर्गम जिल्लाका



(बाँकी ४ पेजमा)

## माननीय मन्त्रीद्वारा क्षे.नि. भैरहवा निरीक्षण



माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले नेपाल टेलिकम, क्षेत्रीय निर्देशनालय भैरहवाको निरीक्षण भ्रमण गरी विभिन्न निर्देशन दिनुभएको छ । भ्रमणका क्रममा गत भाद्र ८ गते निर्देशनालयको सभाहलमा आयोजित एक कार्यक्रममा बाँस्कोटाले लामो समयपछि अहिले ९ वटा आयोजनाहरु सञ्चालनमा रहेकाले सबै एकजुट भएर यसलाई सफल पार्न लाग्नुपर्ने बताउनु भयो । उहाँले वर्तमान प्रतिस्पर्धात्मक अवस्थामा अन्य प्रतिस्पर्धि भन्दा अझै मेहनत गरी कम्पनीलाई नम्बर १ बनाइराख्न सुझाव समेत दिनुभयो ।

उहाँले राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र काम नगर्ने कर्मचारीलाई दण्डित गरिने प्रावधान कार्यान्वयन गरिने बताउनु भयो । सो अवसरमा सबै कर्मचारी, ट्रेड युनियन र व्यवस्थापन एकजुट भई कम्पनीको प्रगतिका लागि गरिने सबै कार्यक्रमहरुलाई मन्त्रालय एवं व्यक्तिगत तवरबाट सबै प्रकारका सहयोग रहने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा क्षेत्रीय निर्देशनालय अन्तर्गत लेखा कार्यालयका प्रमुख, लेखा प्रमुख एवं क्षेत्रीय स्तरका विभागीय प्रमुखहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा क्षेत्रीय निर्देशक सूर्यनारायण मालाकारले सेवा विस्तारको क्रममा भोग्नु परेका विभिन्न समस्याका बारेमा जानकारी प्रदान गर्दै अन्य निकाय समेतको

(बाँकी ३ पेजमा)

## दशैंमा यसरी दिनुस् डाटा वा भ्वाइस प्याकेज गिफ्ट, आफैं पनि लिनुस्

नेपाल टेलिकमले हाल विभिन्न दरका डाटा प्याकेज उपलब्ध गराइरहेको छ । यी प्याकेज खरिद गर्नका लागि विभिन्न विकल्प उपलब्ध छन् । यति मात्र होइन, आफन्त वा आफूले चाहेको कुनै पनि व्यक्तिलाई आफ्नै मोबाइलबाट गिफ्टको रुपमा डाटा प्याकेज प्रदान गर्न पनि सकिन्छ ।

इन्टरनेटको उपलब्धता भएको समयमा नेपाल टेलिकमका विभिन्न प्रकारका डाटा प्याकेज नेपाल टेलिकमको वेबसाइटबाटै खरिद गर्न सकिन्छ । हाल यसरी डाटा प्याकेज खरिद गर्ने ग्राहकहरु बढिरहेका छन् ।

यसका लागि offer.ntc.net.np मा लग अन गर्नुपर्छ । त्यसपछि आफूले प्रयोग गर्ने जीएसएम वा सीडीएमए मोबाइलका विभिन्न डाटा प्याकेजहरु छनोट गर्नुपर्छ । विभिन्न डाटा प्याकेजको मूल्य र समयावधि समेत त्यहीं देख्न सकिन्छ । त्यसपछि ग्राहकले आफ्नो मोबाइल नम्बर र PUK नम्बर राख्नुपर्छ । PUK नम्बर थाहा पाउनका लागि म्यासेज बक्समा PUK टाइप गरी १४१५ मा एसएमएस गर्न सकिन्छ । यो सेवा कम्पनीका Dongle मार्फत डाटा प्रयोग गर्ने ग्राहकहरुका लागि पनि निकै उपयोगी छ ।

सबै विवरण भरेर बाई डाटा प्याक (Buy Data Pack) छनौट गरेपछि ग्राहकको मोबाइलमा आवश्यक डाटा प्याकेज उपलब्ध हुन्छ । यसका लागि मोबाइलमा आवश्यक ब्यालेन्स भने हुनु आवश्यक छ ।

offer.ntc.net.np मा लग अन गरेपछि दायाँ साइडमा रहेको गिफ्ट प्याकेज सब्स्काइब लेखिएको स्थानमा क्लिक गरेपछि http://offer.ntc.net.np/giftpack.aspx नामक नयाँ विन्डो खुल्छ । त्यसपछि आफूले गिफ्ट दिनुपर्ने व्यक्तिको मोबाइल नम्बर राखेर आफूले चाहेको डाटा प्याकेज गिफ्ट दिन सकिन्छ ।

यसरी प्याकेज लिंदा वा दिंदा डाटा बाहेक भ्वाइस प्याकेज र अन्य विभिन्न डाटा/कम्बो प्याकेज समेत प्रयोग गर्न र गिफ्ट दिन सकिन्छ ।

त्यसैगरी कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि विभिन्न डाटा वा अन्य प्याकेज लिन वा गिफ्ट दिन सकिन्छ । साथै नेपाल टेलिकमको डाटा प्याकेज आफ्नो मोबाइलमा *1415# डायल गरेर पनि लिन सकिन्छ । त्यसैगरी तोकिएको फर्म्याटमा १४१५ मा एसएमएस पठाएर पनि डाटा प्याकेज लिन सकिन्छ ।

थप जानकारी कम्पनीको वेबसाइट www.ntc.np बाट पनि प्राप्त गर्न सकिन्छ ।




**प्रिपेडका ग्राहकले लोन कसरी लिने हो ? कृपया जानकारी दिनुहोला ।**

नेपाल टेलिकमले प्रिपेड मोबाइलका ग्राहकलाई सञ्चित रकम सकिए पनि कुरा गर्न, इन्टरनेट चलाउन वा सन्देश पठाउन सकिने सुविधा उपलब्ध गराएको छ । पैसा नहुँदा पनि सेवा सुचारु भइरहन प्रदान गरिने ऋण अर्थात लोनलाई 'नमस्ते क्रेडिट' भनिन्छ । ग्राहकको प्रोफाइल अनुसार रु. ५।- देखि रु. २०।- सम्म ऋण उपलब्ध हुनेछ ।

यो सेवामार्फत जीएसएम तथा सीडीएमए प्रिपेड मोबाइलमा कल गर्दागर्दै सञ्चित रकम सकिएमा सापटी रकमबाट कललाई निरन्तरता दिन सकिन्छ । साथै सापटी रकमको प्रयोग गरी फोन गर्न, सन्देश पठाउन र डाटा चलाउन पनि सकिन्छ ।

यो सेवा सुचारु (Activate) गर्नका लागि START लेखेर १४७७ मा सन्देश पठाउनु पर्छ । नमस्ते क्रेडिट सेवा हटाउन (Deactivate) का लागि STOP लेखेर १४७७ मा सन्देश पठाउनु पर्छ । STATUS लेखेर १४७७ मा सन्देश पठाई आफ्नो सापटी रकम (Namaste Credit Balance) बारे थाहा पाउन सकिन्छ ।

यो सुविधा लिएपछि ब्यालेन्स सकिनासाथ सेवाबाट वञ्चित हुनु पर्दैन । सञ्चित रकम सकिएर सेवा बन्द हुनासाथ सिष्टमले स्वतः सापटी (Credit Balance) उपलब्ध गराउने हुनाले यसरी प्राप्त गरेको सापटी रकम बाँकी रहुन्जेल ग्राहकको सेवा बन्द हुँदैन । प्रदान गरिएको सापटी रकम ग्राहकले पछि गर्ने रिचार्जबाट कट्टा हुन्छ । सापटी प्राप्त हुँदा वा रकम कट्टा हुँदा १४७७ नम्बरबाट SMS मार्फत जानकारी (Notification) प्राप्त हुन्छ । यस्तो सापटी प्राप्त गर्दा वा रकम कट्टा हुँदा कुनै थप शुल्क लाग्दैन ।

**तारवाला फोन अर्थात् ल्यान्डलाइन टेलिफोनको तिर्नुपर्ने बाँकी महसुल थाहा पाउन के गर्नु पर्छ ?**

टेलिफोनको बाँकी महसुल थाहा पाउन मोबाइलको म्यासेज बक्समा cb* पछि एरिया कोड सहितको टेलिफोन नम्बर (जस्तै : cb*01xxxxxxx) राखी 1415 मा सन्देश पठाउनु पर्दछ । जस्तै : cb*014444444 टाइप गरी 1415 मा एसएमएस पठाउन सकिन्छ ।

**टोल फ्रि नम्बरलाई मोबाइलमा पनि चलाउन मिल्छ ? यसो भयो भने गाउँपालिका, नगरपालिका वा अन्य स्थानीय निकायका पदाधिकारीहरुको नम्बरलाई टोल फ्रि बनाएर अरुले फोन गर्दा शुल्क नलाग्ने बनाउन सकिन्छ त ?**

एउटै नम्बरमा कसैले कल गरेमा कल गर्ने व्यक्तिलाई पैसा नलाग्ने र उठाउने व्यक्तिलाई मात्र लाग्ने गरी नेपाल टेलिकमले टोल फ्रि नम्बर उपलब्ध गराइरहेको छ । यसलाई एड्भान्स फ्रि फोन सर्भिस (एएफएस) पनि भनिन्छ । ठूला कर्पोरेट कार्यालय, व्यावसायिक संगठन र विभिन्न समुदायका लागि यो फोन उपयोगी हुन्छ । धेरै कल आउने जनप्रतिनिधिहरुले पनि यस प्रकारको फोन प्रयोगमा ल्याएमा जनतालाई सहज हुन्छ ।

यसका लागि एउटा नम्बर उपलब्ध गराइन्छ । त्यसैगरी टेलिफोनमा एउटै नम्बरलाई हटलाइन बनाएर एकै पटक १० वटा आगमन कल पनि उठाउन सकिन्छ । यसमा एउटै नम्बरमा एकैपटकमा १० जनाले फोन गरी कुरा गर्न सक्नेछन् ।

यो नम्बर मोबाइलमा पनि प्रयोग गर्न सकिन्छ । यसका लागि ११ अंकको नम्बर उपलब्ध गराइन्छ । यसको शुरुमा १६६० र त्यसपछि जिल्लाको कोड नम्बर उपलब्ध हुन्छ । त्यसपछिका ५ वटा अंक खाली भएका नम्बर मध्येबाट ग्राहकको रोजाई अनुसार उपलब्ध गराइन्छ । उदाहरणको लागि काठमाडौंको टोल फ्रि नम्बर १६६० ०१ ११११ हुनसक्छ ।

नेपाल टेलिकमको वेबसाइटमा रहेको https://www.ntc.net.np/media/ downloads/toll_free_num_form.pdf लिंकबाट फारम डाउनलोड गरी कार्यालयको एउटा पत्र सहित यो सेवा प्राप्तिका लागि निवेदन दिन सकिन्छ । निजी संस्थाहरुका लागि भने PAN नम्बरको प्रतिलिपी र संस्था दर्ता प्रमाणपत्र पनि हुनुपर्छ । नेपाल टेलिकम, काठमाडौं क्षेत्रीय निर्देशनालय सुन्धाराको Intelligent Network (IN) शाखामा यसका लागि सम्पर्क गर्न सकिन्छ ।

यो सेवा लिनका लागि शुरुमा दर्ता शुल्क १ हजार रुपैयाँ लाग्छ । एसटीडी कल सुविधाका लागि सेक्युरिटी डिपोजिटको रुपमा १५ हजार रुपैयाँ जम्मा गर्नुपर्छ । यसको मासिक रेन्टल शुल्क १ हजार रुपैयाँ लाग्छ र यसमा न्यूनतम ४ सय कल निःशुल्क प्रयोग गर्न पाइन्छ । यस सेवाका बारेमा जानकारीका लागि ग्राहक सेवा केन्द्रको नम्बर १६९८ मा पनि सम्पर्क गर्न सकिन्छ ।

**मैले पसलबाट लिएको रिचार्ज कार्डमा अंक नबुझिएर रिचार्ज गर्न सकिन । अब त्यो रिचार्ज कार्डको क्षतिपूर्ति पाउन के गर्नुपर्ला ?**

तपाईंले जहाँबाट लिएको भएपनि रिचार्ज कार्ड कोरिएको वा अरु केही भएको छ र रिचार्ज गर्न सक्नुभएन भने त्यसलाई साटेर अर्को लिन मिल्छ । जतिसुकै मूल्यको रिचार्ज कार्ड भएपनि त्यही मूल्यको अर्को रिचार्ज कार्ड उपलब्ध हुन्छ । यसका लागि खरिद गरेकै पसलमै सम्पर्क गरेपनि हुन्छ वा आफैं सोझै नेपाल टेलिकमको ग्राहक सेवा केन्द्रमा सम्पर्क राख्न सक्नुहुन्छ ।

**नेपाल टेलिकमले विभिन्न प्रकारका डाटा/भ्वाइस प्याक (छुट योजना)हरु उपलब्ध गराएको छ भनिन्छ, ती प्याकहरु के कसरी खरिद गर्न सकिन्छ होला ?**

नेपाल टेलिकमले उपलब्ध गराएका डाटा/भ्वाइस प्याकहरु आफ्नो मोबाइलबाट *1415# डायल गरेर खरिद वा प्राप्त गर्न सकिन्छ । त्यस्तै मोबाइलबाट तोकिएको मोबाइल string टाइम गरी 1415 मा म्यासेज पठाएर पनि प्याकेजहरु खरिद गर्न सकिन्छ । साथै नेपाल टेलिकमको मोबाइल एप 'नेपाल टेलिकम' (Nepal Telecom) मार्फत पनि विभिन्न प्रकारका प्याकेजहरु खरिद गर्न सकिन्छ । यी बाहेक कम्पनीको वेबसाइट http://offer.ntc.net.np/ बाट पनि सिधै डाटा प्याक खरिद गर्न सकिन्छ ।

**नेपाल टेलिकमको मोबाइल एप 'नेपाल टेलिकम' (Nepal Telecom) मार्फत प्राप्त हुने सुविधाहरु के के हुन ?**

गुगल प्ले स्टोर तथा एप्पल एप स्टोरबाट नेपाल टेलिकम' (Nepal Telecom) एप डाउनलोड गरी नेपाल टेलिकमको मोबाइल नम्बरमार्फत रजिष्टर गरेपछि यो एप चलाउन सकिन्छ । यो एप चलाउन डाटा शुल्क लाग्दैन अर्थात् इन्टरनेट नभएपनि यो एप चलाउन सकिन्छ । नेपाल टेलिकमको मोबाइल एप "Nepal Telecom" बाट प्राप्त हुने सुविधाहरु निम्न रहेका छन् :

| | |
|---|---|
| Services on NT Mobile App | · Recharge |
| | · Balance Transfer |
| | · Balance Query |
| | · Package Subscription |
| | · Volume Query |
| | · Gift Packages to others |
| | · Bill Payment |
| | · Handling social media |
| | · Complain for different services |
| | · Usage History |
| | · Many More |

**USSD कोड मार्फत प्राप्त हुने सुविधाहरु के के हुन् ?**

USSD कोड मार्फत प्राप्त हुने सुविधाहरु निम्न रहेका छन् :

| | |
|---|---|
| GSM Mobile Balance Inquiry | Dial *400# |
| 4G Activation | Dial *444#(*If SIM change is required, please visit nearest NT Office*) |
| Package Subscription | Dial *1415# (*For Subscription of various offers provided by NT*) |
| GSM Mobile Recharge (from Recharge Card) | Dial *412*Pin Number# |
| Balance Transfer (Prepaid) | Dial *422*security_code*Mobile Number*Amount# |
| Missed Call Alert Service | Dial *1400# |
| Caller Ring Back Tone(CRBT) | Dial *1455# |

# सूर्यपुरामा एफटीटीएच र निःशुल्क सिम




नेपाल टेलिकमले पहिलो पटक सिंगो गाउँपालिकालाई समेट्ने गरी एफटीटीएच सेवाको शुरुवात गरेको छ । गत भाद्र २३ गते रुपन्देही जिल्लाको गैडहवा गाउँपालिकास्थित सूर्यपुरा बजारमा सो सेवाको शुभारम्भ गरिएको हो ।

प्रमुख अतिथिको रुपमा पूर्व मन्त्री तथा संसदको सार्वजनिक लेखा समितिका सभापति एवं रुपन्देही क्षेत्र नम्बर ५ का सांसद भरतकुमार शाहले नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाललाई एफटीटीएच प्रविधिबाट भिडियो कल गरेर सो सेवाको विधिवत् शुभारम्भ गर्नुभयो ।

सम्भवत: नेपालमै पहिलो पटक गाउँपालिका स्तरमा द्रुत गतिको इन्टरनेट सेवा प्रदान गर्ने सुअवसर प्राप्त भएकोमा खुसी व्यक्त गर्दै क्षेत्रीय निर्देशनालय भैरहवाका निर्देशक सुर्यनारायण मालाकारले आगामी दिनमा अन्य गाउँपालिकाहरुमा पनि क्रमशः सेवा विस्तार गर्दै लगिने जानकारी दिनुभयो । कार्यक्रममा एफटीटीएच खरिद गर्ने ग्राहकहरुलाई राउटर (सीपीई) हस्तान्तरण गरी खादा ओढाएर सम्मान गरिएको थियो । सोही अवसरमा त्यस भेगका जनतालाई नि:शुल्क प्रिपेड सिम समेत वितरण गरिएको थियो ।

# भारतमा अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा

रोमिङमा हुँदा भ्वाइस र एसएमएस आदानप्रदान गर्ने सुविधा मात्र रहेकोमा गत भाद्र २० देखि छिमेकी मुलुक भारतमा अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा पनि उपलब्ध भएको छ । अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवामा सामयिक परिमार्जन गर्ने उद्देश्यले विगतका दिनहरुमा सञ्चालनमा रहेको अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा केही समय बन्द गरिएकोमा हाल पुन: सञ्चालनमा ल्याइएको हो । अब उप्रान्त नेपाल टेलिकमका ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सुविधा प्राप्त गरी भारतमा जाँदा भ्वाइस र एसएसएम (SMS) का साथै इन्टरनेट सेवा पनि उपयोग गर्न सक्नुहुनेछ ।

मिति २०७६ भाद्र १९ सम्म अन्तर्राष्ट्रिय रोमिङ सेवा क्रियाशील अवस्थामा रहेका सम्पूर्ण पोस्टपेड तथा प्रिपेड ग्राहकहरुलाई डाटा रोमिङ सेवा स्वत: उपलब्ध हुनेछ । उक्त मिति पश्चात् अन्तर्राष्ट्रिय रोमिङ सेवा लिने ग्राहकहरुलाई भने सेवा दर्ता गरेकै समयमा भ्वाइस, एसएमएस तथा इन्टरनेट सेवा उपलब्ध हुनेछ ।

हाल जीएसएम पोस्टपेड तथा प्रिपेड ग्राहकहरुका लागि छिमेकी मित्रराष्ट्र भारतमा मात्र उपलब्ध डाटा रोमिङ सेवा निकट भविष्यमै अन्य देशहरुमा पनि विस्तार गर्दै लगिने छ । नेपाल टेलिकमले विगत लामो समयदेखि आफ्ना पोस्टपेड ग्राहकहरुलाई लक्षित गरी ८७ मुलुकका १ सय ९२ भन्दा बढी दूरसञ्चार सेवा प्रदायक कम्पनीहरुसँगको सहकार्यमा अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध गराइरहेको छ । त्यसैगरी गत २०७६ बैशाख १६ बाट जीएसएम प्रिपेड मोबाइल सेवाका ग्राहकहरुका लागि पनि दुई छिमेकी मुलुकहरु भारत र चीनमा रोमिङ सेवा उपलब्ध गराएको छ । यो सेवा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pages/ view/intl-roaming-data हेर्न सकिनेछ ।

# महेन्द्रनगरमा एफटीटीएच




नेपाल टेलिकमले गत भाद्र १९ गतेदेखि कञ्चनपुरको महेन्द्रनगरमा पनि फाइबर टु द होम (एफटीटीएच) सेवाको वितरण शुरु गरेको छ । महेन्द्रनगरमा आयोजित एक कार्यक्रममा एफटीटीएच प्रविधिमार्फत सञ्चालित टेलिफोनबाट क्षेत्रीय निर्देशनालय धनगढीका निर्देशक नामाकर न्यौपानेले कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीलाई फोन गरेर सेवाको शुभारम्भ गर्नुभएको हो ।

निर्देशक न्यौपानेले प्रबन्ध निर्देशक अधिकारीलाई महेन्द्रनगरमा वितरण शुभारम्भ भएको एफटीटीएच सेवाको स्थानीय क्षमता र आगामी दिनको योजना बारेमा बताउनु भएको थियो । प्रबन्ध निर्देशक अधिकारीले अत्याधुनिक प्रविधिबाट ग्राहक सेवा शुभारम्भ भएकोमा खुसी व्यक्त गर्दै नयाँ ग्राहकहरुलाई बधाई ज्ञापन गर्नुभएको थियो । कार्यक्रममा उपस्थित सो सेवाका ग्राहकहरुलाई क्षेत्रीय निर्देशक न्यौपानेले एफटीटीएच जडानका लागि आवश्यक सीपीई (कस्टमर प्रिमिसेज इक्विपमेन्ट) वितरण गर्नुभयो ।

हाल महेन्द्रनगरमा जडान गरिएका दुईवटा एफडीसी (फाइबर डिष्ट्रिब्युसन क्याबिनेट) को १ हजार २४ लाइन एफटीटीएच लाइन वितरण क्षमता रहेको छ । यसमध्ये ७ सय ६८ लाइन तत्काल वितरण गर्न सकिने छ । हाल महेन्द्रनगरको बजार क्षेत्रका गल्ली नम्बर १ देखि ४ सम्म एफटीटीएच सेवा उपलब्ध छ । आगामी दिनमा जिल्लामा थप ७ वटा एफडीसी जडान गरी प्राय: शहर र घनावस्ती क्षेत्रमा सेवा विस्तार गर्ने कम्पनीको योजना रहेको छ ।

## मानीनय मन्त्रीद्वारा ...

(१ पेजको बाँकी)

समन्वयका लागि सरकारी क्षेत्रबाटै पहल गरिदिनका लागि आग्रह गर्नुभयो । अन्तर्राष्ट्रिय लिंकको लागि नेपाल र भारतको बीचमा बिछ्याइएको फाइबर धेरै पुरानो भएर जीर्ण भइसकेको र यसबाट सेवाको गुणस्तरमा समेत असर पुगेकोले वैकल्पिक व्यवस्थाका लागि दुई देशबीच कुटनीतिक पहल हुनु पर्ने सन्दर्भ पनि उहाँले स्मरण गराउनु भएको थियो ।

सोही दिनको विशेष कार्यक्रममा क्षेत्रीय निर्देशक मालाकार र लेखा कार्यालयका प्रमुखहरुका बीच आर्थिक वर्ष ०७६/७७ का लागि कार्यसम्पादन सम्झौता सम्पन्न गरियो । निर्देशक मालाकार र दूरसञ्चार कार्यालय, बुटवलका कार्यालय प्रमुख रञ्जित लोहिया, पाल्पाका कार्यालय प्रमुख सन्तोष भण्डारी, पोखराका कार्यालय प्रमुख शैलेशबहादुर अमात्य र बागलुङका कार्यालय प्रमुख केशव शर्माका बीच सो सम्झौता भएको थियो । सम्झौता पश्चात् सबै कार्यालय प्रमुखहरुले हरसम्भव प्रयास गरी तोकिए बमोजिमको कार्य गरी लक्ष्य पूरा गर्ने प्रतिबद्धता जनाउनु भयो ।

क्षेत्रीय निर्देशनालय भैरहवाका सहायक व्यापार अधिकृत रामप्रसाद खनालका अनुसार सो कार्यक्रममा प्रदेश सभा सदस्यहरु चेतनारायण आचार्य, रामजी प्रसाद घिमिरे र जाल्पा भुसाल, पूर्व संविधान सभा सदस्य नजीर मिया, प्रेस चौतारी नेपालका पूर्व अध्यक्ष राजेन्द्र अर्याल तथा सितगंगा नगरपालिकाका उपमेयर टीका रेश्मीको समेत उपस्थिति थियो ।

# क्षे.नि. अत्तरियाका विविध गतिविधि




नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय अत्तरियाले मोबाइललगायत सेवाका नेटवर्क विस्तार गरिरहेको छ।

नेपाल टेलिकमको एक करोड जीएसएम प्रोजेक्ट अन्तर्गत साउन र भदौ महिनामा गरी थप ५ वटा साइटमा टुजी सेवा सञ्चालन गरिएको छ। मेलौली, बुढीगंगा, विपीनगर, महादेवस्थान र पिपल चौतारीमा सो सेवा सञ्चालनमा ल्याइएको हो। सो योजना अन्तर्गत यसअघि नै ३ सय ३ वटा साइटहरुमा टुजी/थ्रीजी सेवा सञ्चालनमा छन्। ती मध्ये १५ वटा साइट सञ्चालन हुन बाँकी छ। ७२ वटा साइटमा सीडीएमए सेवा पनि चलिरहेको छ।

हाल सो क्षेत्रमा डोटी-डडेलधुरा र गेटा-अत्तरियाको ट्राफिक ADSS बाट सञ्चालनमा ल्याइएको छ र यसका कारण भ्वाइस तथा डाटामा थप सुधार भएको छ। त्यसैगरी दूरसञ्चार कार्यालय महेन्द्रनगर अन्तर्गत गड्डाचौकी, दोधारा, चाँदनी, भागलपुर, सुकासाल र जिमुवामा एडीएसएल सेवा पुऱ्याइएको छ। अप्टिकल नेटवर्कका लागि महेन्द्रनगरमा २ वटा र धनगढीमा ४ वटा एफडीसी सञ्चालनमा ल्याइएको छ। यसबाट ती स्थानमा एफटीटीएचमार्फत उच्च गतिको डाटा र भ्वाइस सेवा उपलब्ध गराउन सकिने भएको छ।

पावर ब्याकअपका लागि डोटीको बर्छेन रिपिटर स्टेशनमा जेनेरेटर जडान गरिएकाले त्यस स्टेशनबाट सञ्चालनमा आएका साइटहरुको सेवा उपलब्धताको समय वृद्धि भएको छ। बैतडीको रोडीदेवल रिपिटर स्टेशनमा ब्याट्री ब्याकअप जडान गरिएकोले त्यसबाट लिंक हुने साइटहरुमा हुने उतारचढाव घटेको छ। डोटीको घाघल गाउँमा सोलार एवं ब्याट्री थप गरी सेवालाई निरन्तरता दिने प्रयास जारी रहेको छ।

## निरन्तर दिगो सेवाका ...

(१ पेजको बाँकी)

सदरमुकामहरु र रिपिटर स्टेसनहरु पर्दछन्।

उक्त सम्झौताअनुसार प्राप्त हुने उपकरणहरुमा एन्टेना उपकरण, रेडियो उपकरण तथा नेटवर्क व्यवस्थापन सम्बन्धी सर्भर उपकरणहरु रहेका छन्। अत्याधुनिक रेडियो प्रविधिमा आधारित ती उपकरणबाट जम्मा ५० स्थानमा माथि उल्लिखित क्षमताअनुसारका नेटवर्क सञ्चालनमा आउने छन्। कार्य सम्पन्न भएपछि सम्बन्धित क्षेत्रका मोबाइल, ल्यान्डलाइन सेवा सञ्चालनका लागि देशको बाँकी नेटवर्कसँग विस्तारित क्षमता प्राप्त हुनेछ।

## यसरी लिनुस् ५ वटा नम्बरमा सस्तो कल गर्ने सुविधा

तपाईले नेपाल टेलिकमको मोबाइल चलाइरहनु भएको छ भने सबभन्दा बढी फोन गरिने ५ वटा नम्बरमा निकै सस्तोमा कल गर्न सक्नुहुन्छ।

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलबाट कम्पनीकै नेटवर्कभित्रका ५ वटा नम्बरमा सस्तो दरमा कल गर्न सकिने सुविधा छ। यसलाई एफएनएफ (फ्रेन्ड्स एन्ड फेमिली), (Friends and Family - FNF) सुविधा भनिन्छ। यो सुविधा लिनका लागि आफ्नै मोबाइलबाट एसएमएस पठाए पुग्छ।

यो सुविधा अन्तर्गत जीएसएम तथा सीडीएमए मोबाइलबाट नेपाल टेलिकमको नेटवर्कभित्रका कुनै ५ वटा नम्बरमा कल गर्दा प्रति मिनेट ७० पैसा र पोष्टपेड मोबाइलबाट ५५ पैसा मात्र महसुल लाग्ने छ।

जीएसएम तथा सीडीएमए मोबाइलमा ग्राहकले एफएनएफ सुविधा लिनका लागि शुरुमा FNFSUB*MDN लेखेर 1415 मा सन्देश पठाउनु पर्छ। यहाँ उल्लेखित MDN भन्नाले नेपाल टेलिकमको नेटवर्क भित्रका मोबाइल अथवा ल्यान्डलाइन नम्बरलाई जनाउँछ। आफूले धेरै कुरा गरिरहनुपर्ने बढीमा ५ वटासम्म नम्बरमा सस्तो दरमा कुरा गर्नका लागि यो सेवा उपयुक्त हुन्छ।

यो सेवा लिनका लागि शुरुमा FNFSUB*98XXXXXXXX वा FNFSUB*144xxxxx लेखेर 1415 मा एसएमएस पठाउँदा पहिलो नम्बर (98XXXXXXXX) यो समूहमा आबद्ध हुन्छ। त्यसपछि थप ४ वटा नम्बर आबद्ध गर्नको लागि FNFADD* 98XXXXXXXX वा FNFADD*144xxxxx लेखेर 1415 मा एसएमएस पठाउनुपर्छ। यसरी ५ वटै नम्बर समावेश गरी एफएनएफ सुविधा लिनका लागि ५ पटक सन्देश पठाउनु पर्छ।

आफ्नो आवश्यकता बमोजिम यी नम्बरमा परिवर्तन पनि गर्न सकिन्छ। पहिले राखिएको कुनै नम्बर हटाएर नयाँ नम्बर राख्नुपर्‍यो भने FNFDEL*MDN पछि हटाउन चाहेको नम्बर (98xxxxxxxx वा 144xxxxx) लेखी 1415 मा पठाउनु पर्दछ। यसपछि चाहेको नम्बर थप्नका लागि FNFADD*MDN लेखी १४१५ मा सन्देश पठाउनु पर्दछ। भएको नम्बर हटाई त्यसको स्थानमा नयाँ नम्बर राख्नका लागि FNFMOD*98XXXXXXXX(old)* 98XXXXXXXX(new) लेखी 1415 मा एसएमएस पठाउनु पर्छ। यहाँ 98XXXXXXXX(old) भन्नाले पहिलेको मोबाइल नम्बर र 98XXXXXXXX(new) भन्नाले अब नयाँ राख्नु पर्ने मोबाइल नम्बर भनेर बुझ्नु पर्छ। सन्देश पठाउँदा Old र New शब्द नलेखी हटाउन चाहेको पुरानो र नयाँ नम्बर मात्र लेख्नुपर्छ।

आफूले कुन कुन नम्बर राखेको छ भन्ने कुरा थाहा पाउनका लागि पनि सन्देश पठाउन सकिन्छ। यसका लागि FNFINQ लेखेर १४१५ मा सन्देश पठाउनु पर्दछ।

यो सुविधा लिनका लागि सन्देश पठाउँदा कुनै शुल्क लाग्दैन। उल्लिखित महसुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन।



काभ्रेपलाञ्चोक जिल्लाको पनौतीस्थित नेपाल टेलिकमको फोरजी/एलटीई टावर

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**